धनपालथानगाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

सोराभाग,मोरङ्ग

१ नं प्रदेश, नेपाल

प.स.०७७।०७८ (शिक्षा शाखा)

च.नं. १८३८

फोन नं. ०२१-५६५१२२

मितिः २०७९।१०।१६ गते

**सम्पूर्ण सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरु**
**धनपालथान गा.पा. सोराभाग, मोरङ**

**विषयः राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्बन्धमा।**

धनपालथान गाउँपालिका भित्र संचालनमा रहेका सामुदायिक र संस्थागत माध्यमिक विद्यालयहरु सहभागि गराई मिति २०८९।१०।२५ गते देखि २०७९।१०।२८ गते सम्म श्री सर्वोदय मा.वि.धनपालथान-७ कोप्राङ्गणमा निम्न खेलहरु समावेश गरि राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गर्ने स्थानीय तह स्तरीय राष्ट्रपति सिल्ड प्रतियोगिताको व्यवस्थापन तथा निर्देशन समितिको मिति २०७९।१०।१५ गते निर्णय भएबमोजिम सो प्रतियोगिताहरुमा आ-आफनो विद्यलायमा पुर्व तयारी गराई अनिवार्य रुपमा सहभागिता जनाउनु हुनका साथै निर्देशिका (२०७०- संसोधन सहित) अनुसार कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत १८ वर्ष भन्दा मुनिका विद्यार्थीहरु मात्र सहभागी हुनु पर्ने भएको हुँदा अनुसूचि १ बमोजिमको सहभागिता फारमको ढाँचामा भराई मिति २०७९।१०। २२ गते भित्रमा शिक्षा युवा तथा खेलकुद शाखा धनपालथानमा बुझाईसक्नु हुन र ईन्ट्री फी रु १००० ।- अक्षेरुपी रु एक हजार मात्र समेत दाखिला गर्नु हुन जानकारी गराइन्छ।

सीता भट्टराई
शिक्षा शाखा प्रमुख
शिक्षा अधिकृत

**समावेश हुने खेलहरुः**

१. भलिवल –छात्र र छात्रा दुवै
२. कवड्डी –छात्र र छात्रा दुवै
३. एथलेटिक्स तर्फ

क. दौड –छात्र र छात्रा दुवै, १००मी., २००मी., ४०० मी., ८०० मी., १५००मी., ३०००मी., ४*१०० मी., रिले, ४* ४००मी. रिले।

धनपालथानगाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
सोराभाग,मोरङ्ग
१ नं प्रदेश नेपाल

प.स.०७७।०७८ (शिक्षा शाखा)
च.नं. 9636

फोन नं. ०२१-५६५१२२

ख. उफ्रने र फयाक्ने तर्फ

छात्र –हाइजम्प,लङजम्प,त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम.,सटफुट १२ पाउन्ड

छात्रा –हाइजम्प,लङजम्प,त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम.,र सटफुट ८ पाउन्ड

**सहभागिको आवेदन फारम बुझाउदा पालन गर्नु पर्ने शर्त तथा बन्देजहरुः**

१. आवेदक सहभागीहरु कक्षा ९ देखि कक्षा १२ सम्म अध्ययनरत भएको हुनुपर्नेछ। ती आवेदक सहभागी विद्यार्थीहरु सम्बन्धित विद्यालयके यस शैक्षिक शत्र २०७९ को IEMIS मा दर्ता भएका हुनुपर्नेछ।

२. विद्यालयहरुले सहभागी आवेदन फाराम बुझाउँदा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सन्चालन निर्देशिका २०७० (संसोधन सहित) को अनुसूचि १ को ढाँचामा आवश्यक सम्पुर्ण विषय खुलाएर बुझाउनु पर्नेछ। आवेदन फाराममा सहभागी हुन चाहने विद्यार्थीको पासपोर्ट साइजको फोटो टाँस गरेको हुनु पर्ने छ र उक्त फाराम विद्यालयका प्रधानाध्यापकले अनिवार्य रुपमा प्रमाणित गरेको हुनु पर्नेछ।

३. आवेदनको साथमा सहभागी प्रत्येक विद्यार्थीको कक्षा ८ उर्तिण गरेको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य समावेश गरि पेश गर्नु पर्नेछ। सहभागीहरुके जन्म मिति २०६१।१०।२१ सम्मको हुनु पर्नेछ साथै सहभागी विद्यार्थीको अनिवार्य जन्म दर्ता पेश गर्नु पर्ने छ।

४. तोकितएको मिति पश्चात प्राप्त हुन आएको सहभागी आवेदनलाई मान्यता दिइने छैन् र खेलाडी परिवर्तन गर्न पाइने छैन्।

५. एथ्लेटिक्स प्रतियोगितामा प्रत्येक विद्यालयले रिले खेलका हकमा महिला तथा पुरुष रिलेको प्रत्येक इभेन्ट्समा १।१ समूह मात्र र अन्य प्रत्येक इभेन्ट्समा बढीमा २ खेलाडीहरुलाई सहभागि गराउन सक्नेछ। प्रत्येक खेलडीले बढीमा एक फिल्ड दुई ट्रयाक वा दुई फिल्ड एक ट्रयाकमा भाग लिन पाउनेछ।

६. प्रत्येक वद्यालयले भलिबल खेल तर्फ बढीमा ९।९ जना सम्म खेलाडी छात्रा।छात्राहरु पठाउन सक्नेछ।

७. आफ्ना सहभागी खेलाडीको व्यवस्थापन विद्यालय स्वयंमले गर्नुपर्ने छ।

भट्टराई
शिक्षा अधिकृत

CamScanner

धनपालथानगाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## सोराभाग मोरङ

## १ नं प्रदेश नेपाल

प.स.०७७।०७८ (शिक्षा शाखा) फोन नं. ०२१-५६५१२२

च.नं. १६३६

८. एथलेटिक्सको (दौड) ट्रयाकतर्फ कुनै दुई खेलमा सहभागी हुने विद्यार्थी (उफ्रने र फ्याक्ने) फिल्डतर्फको एक खेलमा मात्र सहभागी हुन पाउने छ भने (उफ्रने र फ्याक्ने फिल्डतर्फको) दुवै खेलमा सहभागी हुने विद्यार्थी (दौड) ट्रयाक तर्फ कुनै एक खेलमा मात्र सहभागी हुन पाउने छ। भलिबलमा तथा कबड्डी सहभागी हुने विद्यार्थी एथलेटिक्स तर्फको कुनै पनि खेलमा सहभागी हुन पाउने छैन तर रिले तर्फका खेलहरुमा ट्रयाक तथा फिल्डको नियम लागू हुने छैन।

९. अन्य विषयहरु राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० बमोजिम हुने छ।

**थप जानकारीका लागि सम्पर्क नं. मो. ९८११३०१५००**

२०७७।१२।

शिक्षा अधिकृत